जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९९ | २०८३ साल असाढ ०१ गते सोमवार | Monday-15-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## प्रसौनी साक्षर गाउँपालिका घोषित, शिक्षामार्फत समृद्ध समाज निर्माणको प्रतिबद्धता

*बारा, ३१ जेठ*

बाराको प्रसौनी गाउँपालिका औपचारिक रूपमा साक्षर गाउँपालिका घोषणा भएको छ । शिक्षा क्षेत्रको दीर्घकालीन प्रयास, विद्यालयहरूको सक्रियता तथा समुदायको सहभागिताको परिणामस्वरूप गाउँपालिकालाई साक्षर घोषणा गरिएको हो ।




प्रसौनीस्थित बेंगा साह माध्यमिक विद्यालयमा आयोजित विशेष समारोहबीच गाउँपालिका अध्यक्ष विनोदप्रसाद जैसवालले साक्षर गाउँपालिका घोषणा गरेका हुन् । कार्यक्रममा बोल्दै अध्यक्ष जैसवालले साक्षरता केवल औपचारिक घोषणा नभई गाउँपालिकाको सामाजिक तथा शैक्षिक रूपान्तरणको महत्वपूर्ण उपलब्धि भएको बताए ।

उनले शिक्षा क्षेत्रलाई गाउँपालिकाको प्राथमिकतामा राखेर विद्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार सुधार तथा गुणस्तरीय शिक्षाका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । आगामी दिनमा पनि शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका प्रतिबद्ध रहने उनको भनाइ थियो ।

समारोहका प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति बारा प्रमुख नरेन्द्र साहले साक्षरता अभियानलाई सफल बनाउन स्थानीय तह, विद्यालय, शिक्षक, अभिभावक तथा समुदायबीचको सहकार्य निर्णायक रहेको बताए । उनले साक्षर समाज निर्माणले विकासका अन्य सूचकहरूमा समेत सकारात्मक प्रभाव पार्ने उल्लेख गरे ।

कार्यक्रमका अवसरमा गाउँपालिकाभित्र रहेका विभिन्न विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई साक्षरता अभियानमा पुऱ्याएको योगदानको कदर गर्दै प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो ।


समारोहमा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, प्रमुख प्रशासकीय अधिकृत नवीन श्रीवास्तव, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षाप्रेमी, अभिभावक तथा समाजसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

गाउँपालिकाले साक्षरता अभियानलाई प्रभावकारी रूपमा अघि बढाउँदै सबै नागरिकलाई आधारभूत पढ्न, लेख्न र बुझ्न सक्ने क्षमतामा पहुँच पुऱ्याएको दाबी गरेको छ । स्थानीय तहको नेतृत्वमा सञ्चालित अभियान सफल भएसँगै प्रसौनीले शिक्षामैत्री तथा ज्ञानमा आधारित समाज निर्माणतर्फ महत्वपूर्ण फड्को मारेको सरोकारवालाहरूले बताएका छन् ।

## धुलो प्रदूषण बढेपछि कटहरिया-४ बहादुरपुर हुँदै माटो ढुवानीमा रोक।

*शु.आ. सम्बादाता*
*रौतहट, ३१ जेठ*

रौतहटको कटहरिया नगरपालिका-४ बहादुरपुर गाउँ भएर ट्याक्टरमार्फत माटो ढुवानी नगर्न वडा कार्यालयले अनुरोध गरेको छ। गाउँभित्रको सडक प्रयोग गरी माटो ढुवानी गर्दा अत्यधिक धुलो उडेर वातावरण प्रदूषित भएको तथा स्थानीय बासिन्दाको जनजीवन प्रभावित हुन थालेपछि वडा अध्यक्ष चन्दन कुशवाहाले सूचना जारी गर्दै यस्तो आग्रह गरेका हुन् । वडा कार्यालयका अनुसार पछिल्लो समय विभिन्न निर्माण तथा भरण कार्यका लागि लालबकैया नदीको किनारबाट ट्याक्टरमार्फत माटो ओसारपसार बढेको छ । यसका कारण सडक आसपासका बस्तीमा धुलोको मात्रा बढ्दै गएको, सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेको तथा दैनिक आवतजावतमा समेत समस्या सिर्जना भएको गुनासो प्राप्त भएको वडा अध्यक्ष कुशवाहाले बताएका छन् । सूचनामा स्थानीयवासीको स्वास्थ्य, स्वच्छ वातावरण र सार्वजनिक हितलाई ध्यानमा राख्दै बहादुरपुर गाउँ भएर माटो ढुवानी नगर्न सम्बन्धित व्यक्ति तथा व्यवसायीलाई अनुरोध गरिएको छ ।


कटहरिया नगरपालिका
४ न.वडा कार्यालय
कटहरिया,रौतहट
मधेश प्रदेश,नेपाल

पत्र संख्या २०८२/०८३

मिति :२०८३/०२/२५

विषय :- सूचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा यस कटहरिया नगरपालिका वडा नं.४ अन्तर्गत टोल बहादुरपुर गाँउमा ट्रेक्टरले माटो ढुवानी गर्दा बाटोमा धुलो भएकोले वातावरणमा प्रदुषण भइरहेकोले बाँध भएर जानको लागि ट्रेक्टर चालक लाई यो सूचना द्वारा जनाकारी गराइन्छ ।

श्री चन्दन कुमार कुशवाहा
वडा अध्यक्ष
कटहरिया न.पा.-४





स्थानीय तहको यो कदमलाई वातावरण संरक्षण र जनस्वास्थ्यप्रतिको जिम्मेवार पहलका रूपमा हेरिएको छ । स्थानीय बासिन्दाले पनि धुलो प्रदूषण नियन्त्रणका लागि सबै पक्षले नियम पालना गर्नुपर्ने बताएका छन्।

वडा कार्यालयले सूचनाको पालना गर्न आग्रह गर्दै अटेर गरेमा आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउन सकिने संकेत समेत दिएको छ । लामो समय देखि गाउँभरिको सडकमा जमेको धुलो, हिलो आज बिहान वडा अध्यक्ष चन्दन कुशवाहाको पहलमा स्थानीय युवाहरुले सफाई गरेपछि अब उप्रान्त फेरी धुलो प्रदूषण न बढोस भनेर उक्त सूचना जारी गरेको छ ।

## श्रीपुर बजारमा जुवा खेलिरहेको अवस्थामा १२ जना पक्राउ, नगद र तास बरामद

*पर्सा, ३१ जेठ*

पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ स्थित श्रीपुर बजारमा जुवा खेलिरहेको अवस्थामा प्रहरीले १२ जनालाई पक्राउ गरेको छ। जिल्लामा जुवातास तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रणका लागि प्रहरीले सञ्चालन गरेको विशेष अभियानअन्तर्गत उनीहरूलाई नियन्त्रणमा लिइएको हो। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको विशेष टोलीले गोप्य सूचनाका आधारमा श्रीपुर बजारस्थित एक स्थानीय घरमा छापा मारेको थियो । छापामार कारबाहीका क्रममा उक्त घरभित्र जुवातास खेलिरहेका १२ जनालाई प्रहरीले पक्राउ गरेको जनाएको छ। प्रहरीले घटनास्थलबाट नगद ४१ हजार ३ सय ३५ रुपैयाँ र जुवा खेल्न प्रयोग गरिएको पाँच बुक तास बरामद गरेको छ । बरामद सामग्रीलाई प्रमाणका रूपमा नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।



पक्राउ परेका व्यक्तिहरूको नाम, थर र ठेगाना भने हालसम्म सार्वजनिक गरिएको छैन । अनुसन्धान प्रभावित हुन सक्ने भएकाले प्रारम्भिक चरणमा उनीहरूको विवरण गोप्य राखिएको प्रहरी स्रोतले जनाएको छ।

पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार पक्राउ परेका सबै व्यक्तिलाई हिरासतमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको छ। उनले जुवातास खेल्ने तथा गराउने कार्य कानुनविपरीत भएकाले संलग्न व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

स्थानीय बासिन्दाका अनुसार श्रीपुर बजार आसपासका क्षेत्रमा बेलाबेलामा जुवातास खेल्ने गतिविधि हुने गरेको गुनासो रहँदै आएको थियो। यसपटक प्रहरीले विशेष सूचनाका आधारमा कारबाही गरेपछि यस्ता गतिविधिमा संलग्न समूहहरूमा त्रास फैलिएको छ । प्रहरीले समाजमा शान्ति सुरक्षा कायम राख्न तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ । साथै जुवातास, लागुऔषध कारोबार तथा अन्य अवैध गतिविधिबारे जानकारी भएमा तत्काल प्रहरीलाई सूचना दिन सर्वसाधारणसँग आग्रह गरेको छ ।

जुवा खेल्ने र खेलाउने कार्य नेपालमा कानुनद्वारा निषेधित छ । यस्ता गतिविधिमा संलग्न पाइएमा पक्राउ गरी कानुनी कारबाही गरिने व्यवस्था रहेको छ ।

## कलैया-८ र ११ को सीमावर्ती क्षेत्रमा खानेपानी संकट समाधानका लागि समुदाय स्तरमा संवाद सम्पन्न

*कलैया, ३१ जेष्ठ*

कलैया उपमहानगरपालिका वडा नं. ८ र ११ बीचको टोल खपरताता र विशम्भरपुर क्षेत्रमा लामो समयदेखि खानेपानी धारामा आएको खराबी र आन्तरिक विवादका कारण खानेपानी आपूर्ति अवरुद्ध भएपछि स्थानीय समुदायमा खानेपानीको हाहाकार सिर्जना भएको थियो। यस समस्याको समाधान खोज्न सामाजिक परिवर्तन केन्द्र को आयोजनामा खानेपानी उपभोग गर्ने समुदायबीच संवाद कार्यक्रम सम्पन्न गरिएको छ।



कार्यक्रमको अध्यक्षता लहवर महतोले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा सामाजिक अभियन्ता हिरामती कुशवाहा तथा अतिथिका रूपमा जीवन विकास लघुवित्त वित्तीय संस्था, कलैया शाखाका प्रबन्धक सचिन्द्र साह सहभागी हुनुभएको थियो।

संवाद कार्यक्रममा किशोरी साह, अवध प्रसाद कुशवाहा, विनोद साह, कान्ति देवी गिरी, श्रीलाल प्रसाद कुशवाहा, सीता देवी राम, कृष्ण गिरी, राजेश कुशवाहा, बलिराम गिरीलगायत स्थानीय युवा, समाजसेवी, शिक्षक तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा कुल ४७ जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ। कार्यक्रमको सहजीकरण सामाजिक परिवर्तन केन्द्रका प्रतिनिधि विक्की कुशवाहा ले गर्नुभएको थियो। खानेपानी अभावपछि उत्पन्न समस्या र त्यसका समाधानका विषयमा सहभागीहरूले खुला छलफल गरेका थिए । छलफलका क्रममा किशोरी साहले हालको परिस्थितिलाई मध्यनजर गर्दै बिहान ३ घण्टा र साँझ ३ घण्टा पानी वितरण गर्नुपर्ने सुझाव दिनुभयो । अवध प्रसाद कुशवाहाले बाटोमा हिँड्ने बटुवाहरूले समेत पानी प्रयोग गर्ने भएकाले व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। स्थानीय युवाहरूले पानीको स्रोतलाई सुरक्षित राख्न आवश्यक समयमा मात्र सञ्चालन गर्ने तथा जिम्मेवार व्यक्तिमार्फत वितरण व्यवस्था मिलाउनुपर्ने धारणा राखेका थिए।

सामाजिक अभियन्ता हिरामती कुशवाहाले खानेपानी व्यवस्थापनलाई दीर्घकालीन बनाउन उपभोक्ता समिति गठन गरी व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले समिति गठन भएपछि सम्बन्धित निकाय तथा सरोकारवालाहरूबाट आवश्यक सहयोग जुटाउन र पूर्वाधारको दिगो व्यवस्थापन गर्न सहज हुने बताउनुभयो । त्यसैगरी, जीवन विकास लघुवित्त वित्तीय संस्था कलैयाका शाखा प्रबन्धक सचिन्द्र साहले संस्थाले सञ्चालन गरिरहेका कार्यक्रमबारे जानकारी गराउँदै खानेपानी बोरिङका लागि आवश्यक मोटर सहयोग गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो । संवाद कार्यक्रमको निष्कर्षस्वरूप ११ सदस्यीय खानेपानी उपभोक्ता समिति सर्वसम्मत रूपमा गठन गरिएको छ।

समितिको अध्यक्षमा विनोद साह तेली, उपाध्यक्षमा कान्ति देवी, सचिवमा श्रीलाल कुशवाहा, कोषाध्यक्षमा अवध महतो कोइरी तथा सदस्यहरूमा सीता देवी राम, अमिरिलाल, ततरी देवी, कृष्ण गिरी, राजेश कुशवाहा, सोनु गिरी र बलिराम गिरी चयन हुनुभएको छ। कार्यक्रमको अन्त्यमा अध्यक्ष लहवार महतोले नवगठित समितिका पदाधिकारीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै समुदायको सहकार्यबाट खानेपानी समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमसम्बन्धी जानकारी सामाजिक परिवर्तन केन्द्रका प्रतिनिधि विक्की कुशवाहा ले दिनुभएको हो।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

# भूराजनीतिक यथार्थमा भूरणनीतिक प्रश्न

*जीवनकुमार अधिकारी*

विश्व राजनीति तीव्र गतिमा परिवर्तन भइहेको छ । तीन दशक बढीदेखि उभिएको एक ध्रुवीय विश्व व्यवस्था बहुध्रुवमा विस्तार भइसकेको छ । द्विपक्षीय तथा बहुपक्षीय समीकरणहरू त्यसैगरी बदलिँदै छन् । शक्ति राष्ट्रबीचको भूराजनीतिक टकराव युद्ध मैदानमा अनुवाद भइरहेको छ । वैश्विक परिदृश्यमा देखिएको यो जटिल परिस्थिति बखत कुनै पनि राष्ट्रको भौगोलिक अवस्थिति केवल प्राकृतिक संयोग मात्र हुँदैन, भूराजनीतिका दृष्टिले संवेदनशील र सम्भावित जोखिमयुक्त पनि हुन्छ।

कुनै समय पृथ्वीको पश्चिमी गोलार्द्धस्थित एटलान्टिक क्षेत्रमा एकत्रित शक्ति आज विस्तारै वैश्विक दक्षिण अनि त्यसभित्र पनि विशेष गरेर हिन्द प्रशान्त क्षेत्रतर्फ स्थानान्तरण भइरहेको छ। मात्र केही वर्ष अघिसम्म पनि अन्तर्राष्ट्रिय मामिलामा मुस्किलले चर्चा गरिने यो क्षेत्र विश्व भूराजनीति, भूरणनीति र भूअर्थशास्त्रका दृष्टिले आज संसारकै अति महत्वपूर्ण र संवेदनशील क्षेत्र बन्न पुगेको छ । वैश्विक व्यापार र आपूर्ति प्रणालीको आधाभन्दा बढी हिस्सा वर्तमान समयमा यही क्षेत्रले ओगटेको छ।

सुरक्षा र सैन्य क्षेत्रमा गरिने खर्चको गति यहीँको उच्च छ । विश्व जनसंख्याको करिब ६० प्रतिशत यहीँ बसोबास गर्छन्। क्षेत्रीय तथा वैश्विक शक्ति राष्ट्रहरूको पछिल्लो आकर्षणको केन्द्र हिन्द प्रशान्त क्षेत्र नै बनेको छ। सन् १९९१ पछि कुनै दोस्रो शीतयुद्ध कहीँ अस्तित्वमा छ भने त्यो यही छ। अनि यही क्षेत्रमा विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीन र चौथो ठूलो अर्थतन्त्र भारतको बीचमा, रणनीतिक रूपमा अत्यन्त संवेदनशील र महत्वपूर्ण भूराजनीतिक अवस्थितिमा छ नेपाल । न अर्थतन्त्रका हिसाबले, न भूगोलका हिसाबले, न त सैन्यशक्ति र जनसांख्यिक आकारका हिसाबले नै हामी ठूलो छौं। न समुद्रसँगको प्रत्यक्ष पहुँच नै हामीसँग छ। न त अन्तर्राष्ट्रिय व्यपार र आपूर्तिका लागि बहुमार्गीय पारवहन सुविधा नै हाम्रो सामु छ। भूपरिवेष्ठित भूधरातलसँगै यी तमाम क्षेत्रमा सिमित हुनुपर्ने बाध्यता नै नेपालको आजको भूराजनीतिक यथार्थ हो । तर, यसको अर्थ नेपालको सार्वभौमिकता कमजोर छ भन्ने होइन । राष्ट्रका हिसाबले यो देशको अवस्थिति र उपस्थिति सानो छ भन्ने त झनै होइन। विश्व समुदायका अघि नेपालको स्थान त्यही छ, जुन विश्वका अन्य राष्ट्रहरूको छ। तथापी नेपाल जस्तो राष्ट्रको अस्तित्व, स्वायतता र राष्ट्रिय हित यसको भूराजनीतिक यथार्थसँग गहिरो रूपमा गाँसिने तथ्य पनि असत्यचाहिँ होइन।

भूराजनीति काल्पनीकता होइन । पछिल्लो समय नेपालमा यसको चर्चा बढी भयो भन्दैमा भूराजनीति कुनै षड्यन्त्रको सिद्धान्त पनि होइन । भूराजनीति संयुक्त राज्य अमेरिका, चीन, रूस, भारतजस्ता ठूला शक्ति राष्ट्रहरूको मात्रै दृष्टिकोण पनि होइन । भूराजनीति त नेपाल जस्ता साना राष्ट्रले पनि आफ्नो अस्तित्व सँगै बोकेर आउने भूधरातलीय स्वरूप तथा अवस्थिति, आकार, प्राकृतिक स्रोत, जनसांख्यिक संरचना, हावापानी आदिले यस देशको परराष्ट्र सम्बन्ध तथा विदेश नीतिमा पार्ने प्रभावको यथार्थता हो । क्षेत्रीय तथा वैश्विक शक्ति सन्तुलनको खेलमा नेपाल जस्तो असंलग्न राष्ट्रले पनि आफ्नो राष्ट्रिय हित तथा सार्वभौमिकता जोगाउन गरिने शक्ति संघर्ष हो भूराजनीति । चाहेर पनि भूराजनीतिको प्रभावबाट यो देश अनि यो देशको राजनीति, कूटनीति, सुरक्षा र अर्थ आदि जस्ता नीति अछुतो रहन सक्दैन ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएको संयुक्त सैन्य आक्रमणले पश्चिम एसियाको मात्र नभएर सम्पूर्ण एसिया क्षेत्रकै भूराजनीतिक नक्सा बदलिदियो । दशकौं पुरानो गठबन्धन तथा समीकरणहरू युद्धकै कारण आफ्नो अस्तित्व अन्त्यको संघारमा उभिन बाध्य भए । कूटनीतिको क्षेत्रमा स्थापित हिजोसम्मका कैयन् मान्यता आउटडेटेड हुन पुगे । वर्षौं पुरानो शक्ति सन्तुलन जरैबाट हल्लिन पुग्यो । फारसको खाडीलाई इपिसेन्टर बनाएर सुरु भएको उर्जा संकटले पश्चिम एसिया, पूर्वी एसिया हुँदै दक्षिण एसियासम्मका राष्ट्रको भूराजनीतिमा ठूलो प्रश्न चिन्ह खडा गरिदियो। दक्षिण एसिया भित्रकै नेपाल मात्र यो प्रभावबाट अछुतो रहने कुरै भएन ।

पछिल्लो आधा दशकयता राजनीतिक होस् या सामरिक, अर्थतन्त्र होस् या जनसांख्यिकी, वैश्विक प्रतिस्पर्धाका लगभग हरेक विधामा चीन र भारतले आफूलाई अब्बल सावित गर्दै जाँदा नेपालको पनि महत्व ह्वात्तै चुलिएको छ । यी दुवै राष्ट्रको प्रगतिको गति जति माथि चढ्दै जान्छ, त्यति नै नेपालको भूराजनीतिमा पनि अवसर र चुनौती सँगसँगै थपिँदै जान्छ । एकातिर नेपाल क्षेत्रीय कनेक्टिभिटी, व्यापार र आपूर्ति प्रणालीका लागि पूर्वी एसिया र दक्षिण एसिया बीचको महत्वपूर्ण सेतु बन्न सक्छ त सँगसँगै अर्कातिर केवल अन्य राष्ट्रहरूको शक्ति संघर्षको रणनीतिक स्पेस मात्र पनि बन्न सक्छ। यो भूराजनीतिक यथार्थले एउटा महत्वपूर्ण भूरणनीतिक प्रश्न उब्जाएको छ- नेपालले अब आफ्नो परराष्ट्र मामिला तथा विदेश नीति कुन दिशातर्फ उन्मुख गर्ने ?

नेपाल विकासन्मुख राष्ट्र हो । अझै पनि भौतिक पूर्वाधार र आर्थिक विकासको मेरुदण्ड निर्माणमा यो देश धेरै नै पछि छ । यस्तो अवस्थामा द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक अनुदान तथा सहायाता नेपालका लागि महत्वपूर्ण र अपरिहार्य अवश्य छ तर सँगसँगै त्यसले निम्त्याउन सक्ने रणनीतिक निर्भरता र प्रभाव विस्तारको जोखिमले यो राष्ट्रको निर्णय स्वतन्तत्रालाई कमजोर बनाउन सक्ने सम्भावनालाई पनि नजर अन्दाजचाहिँ गर्न सकिन्न । विकास र निर्भरताबीचको यो द्वन्द्वले नेपाललाई झनै भूराजनीतिक दुविधामा पारेको छ । वास्तवमै, भूराजनीति आफैंमा यथार्थ हो । आजको विश्वमा भूराजनीतिको पूर्ण परिवर्तन लगभग असम्भव छ । तर, भूराजनीतिक यथार्थ नै देशको अन्तिम भाग्य निर्णायक भने होइन । नेपाल जस्तो सीमित विकल्प भएको राष्ट्रले पनि उचित र दूरदर्शी भूरणनीति तथा भूअर्थनीति अपनाउन सके आफ्नो भूराजनीतिक यथार्थलाई पुनःआकार दिन सक्छौं । जस्तै प्राकृतिक स्रोत, मानव पुँजी, प्रविधि तथा कृषि आधुनिकीकरणमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी नेपालले भूराजनीतिक यथार्थमा फेरबदल ल्याउन सक्छ। शीतयुद्धकालको विषम परिस्थितिमा समेत अमेरिका, सोभियत संघ, चीन र भारतजस्ता एकआपसमा विपरीत धारका राष्ट्रहरूसँग राजा महेन्द्रले अपनाएको सन्तुलित कूटनीतिक आजका दिनमा पनि नेपालका लागि उत्तिकै सान्दर्भिक सिकाइ हुन सक्छ । सन्तुलित कूटनीतिले जटिल भूराजनीतिलाई पनि आफ्नो पक्षमा बदल्न सक्छ ।

वैदेशिक सहायताले मात्र देश बन्दैन। यदि त्यसो हुन्थ्यो त झन्डै ७ दशकभन्दा अघिदेखि वैदेशिक सहायता लिँदै आएको नेपाल आजसम्म त आर्थिक रूपमा कायापलट भइसक्नु पर्थ्यो। कसैको रणनीतिक जालोमा पो परिन्छ कि भन्ने त्राससहित सहायता लिनुभन्दा आफ्नै खुट्टामा उभिन सक्ने अर्थतन्त्र निर्माणमा लाग्नु नेपालका लागि बढी हितकर हुनेछ । अथवा नेपालले आफ्नो राष्ट्रिय हितलाई मुख्य केन्द्रमा राख्दै वैदेशिक सहायता र स्वायत्तताबीच सूक्ष्म सन्तुलन कायम राख्न सक्नुपर्दछ ।

हजारौं वर्ष पुरानो आफ्नै सभ्यता अनि आफ्नै गौरवशाली इतिहास बोकेको राष्ट्र हो नेपाल । राजनीतिदेखि राष्ट्र सञ्चालन अनि घरेलुदेखि परराष्ट्र मामिलासम्ममा मार्गदर्शन गर्न सक्ने आफ्नै प्राचीन ज्ञान परम्पराहरू यहाँ छन् । यसको वैज्ञानिक अध्ययन अनुसन्धानबाट नेपालले आफ्नो राष्ट्रिय हित सुहाउँदो छुट्टै मौलिक परराष्ट्र दृष्टिकोण तथा विदेश नीति निर्धारण गर्न सक्छ ।

## सम्पादकीय...........

# सञ्चारको आवाज सुन सरकार

सरकारी विज्ञापन वा सूचना केवल दुई पक्षबीचको ब्यापारिक सामग्रीमात्रै होइनन् ।मिडियाको सबलीकरण र लोकतन्त्रको प्राण जोगाउने महत्वपूर्ण हिस्सेदारसमेत हुन् ।नयाँ सरकार बन्नासाथ यिनै सूचना, विज्ञापनको बाटो पनि निजी सञ्चारमाध्यमका लागि पूर्णतः थुनिएको छ ।त्यसलाई खुलाउन देशब्यापी आवाज चर्किदासमेत सरकारले सुनिरहेको छैन ।जसको कारण मिडियामा आर्थिक नाकाबन्दी भएको छ ।आर्थिक रुपमा कमजोर बनाएर मिडिया अर्थात् प्रेसको मुख थुन्ने प्रपञ्च सरकारले रचेको हो कि भन्ने संशय उत्पन्न छ ।त्यस्तो आभास पनि सञ्चारमाध्यम र सम्बद्ध हजारौं ब्यवसायीले गरेका छन् ।त्यसको मारमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सम्पूर्ण नागरिक परेका छन् ।

नेपालको संविधानले तीन तहका सरकारको कार्यक्षेत्र प्रष्ट गरेको छ ।अधिकारको बाँडफाँट पनि संविधानले नै गरेको छ ।संघ सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ गते एउटा यस्तो परिपत्र गऱ्यो , जसका कारण निजी क्षेत्रका सञ्चारमाध्यममा सरकारी विज्ञापन रोकिए ।गोरखापत्रबाहेकमा विज्ञापन प्रकाशन गर्न रोकिएको छ ।झन् बोलपत्र आह्वानका सूचना त पत्रपत्रिकामा नछापे पनि हुने ब्यवस्था सरकारले गर्न खोज्दैछ ।एक त प्रदेश र स्थानीय तहसम्मलाई संघका एउटा परिपत्रमार्फत निर्देशित गर्न खोज्नु नै संविधानविपरीत हो ।यसको विरुद्ध जाने प्रयास केही प्रदेश र स्थानीय सरकारको राजनीतिक नेतृत्वले गर्न खोजेकै छ ।तर प्रशासनिक नेतृत्वमा संघबाट खटाइएका कर्मचारी छन् ।तिनीहरु सरकारसँग भयभीत छन् र संविधान तथा कानुनविपरीतको परिपत्रको चिर्कटो कार्यान्वयन गरिरहेका छन् । सरकारलाई लागेको छ, सरकारी विज्ञापनमा भ्रष्टाचार छ ।हो, ३/४ अर्ब रूपैयाँको वार्षिक सरकारी सूचना तथा विज्ञापनमध्ये २० प्रतिशत रकममात्रै सञ्चारमाध्यममा पुग्ने गरेको तथ्यांकले देखाउँछन् ।बाँकी रकम एजेन्सी र कर्मचारीको सेटिङमा भागबन्डा हुन्छ ।त्यो सत्य हो भने त्यसलाई रोक्ने काम सरकारको हो ।विज्ञापन बोर्डले पत्रपत्रिकाको बिल पनि अनिवार्य गरी एजेन्सीको बिल सरकारी कार्यालयले स्वीकार्ने जुन विधि बनाएको छ, त्यो कार्यान्वयन गर्ने हो भने न चुहावट हुन्छ न भ्रष्टाचार ।सुदूरपूर्वको कार्यालयको सूचना पश्चिममा र पश्चिमको सूचना उत्तर, दक्षिणको सूचना पूर्वतिर लगेर छाप्ने प्रवृत्ति पनि रोक्ने हुनुपर्छ ।बजारमै नदेखिने 'राष्ट्रिय दैनिक' हरुको मिलेमतोको जालो तोड्नुपर्छ भन्नेमा दुईमत हुन सक्दैन ।तर सरकारी विज्ञापन सरकारीमै गरेर सिन्डिकेट गर्ने काम राज्यको होइन ।एक त राज्यले सञ्चारमाध्यम नै चलाउने विषयमा ब्यापक बहस भइरहेको छ ।त्यसमाथि निजीसँग प्रतिस्पर्धा गर्ने नाममा एकलौटी गर्नु भनेको निरंकुशता लाद्नु नै हो ।

संविधानमै भएको पूर्ण प्रेस स्वतन्त्रतालाई खुम्च्याउने बहाना स्वरुप पनि सरकार अघि बढेको हुन सक्छ ।आर्थिक रुपमा कमजोर हुन थालेका सञ्चारमाध्यमलाई सरकारी निर्णयले झन् गाँजेको छ ।श्रमजीवी पत्रकारहरुको श्रमको समस्या झन् तीव्र बनाएको छ ।यी सबै पृष्ठभूमिमा नेपाल पत्रकार महासंघसहित सम्बद्ध पक्षले निरन्तर गरेको खबरदारी औचित्यपूर्ण छ । पत्रकारहरुलाई पलायन बनाउँदा नै पत्रकारिता कमजोर हुन्छ ।त्यही बुझेर सरकारले आर्थिक नाकाबन्दीको चाल चलेको हुन सक्छ ।खासमा पत्रकारिता भनेको पत्रकारको विशेषाधिकार होइन ।प्रेस स्वतन्त्रता पनि नागरिककै अधिकार हो, जुन लोकतन्त्रको अनिवार्य तत्व हो ।स्वतन्त्र प्रेसबिनाको लोकतन्त्र पूर्ण हुन सक्दैन ।सरकार पत्रकारितालाई कुण्ठित गर्दै लोकतन्त्रकै मर्ममा प्रहार गरिरहेको छ ।सरकारको निर्णय र ब्यवस्था खारेजयोग्य छ ।नेपाल पत्रकार महासंघले घोषणा गरेको आन्दोलनअघि नै सरकार सच्चिनु श्रेयष्कर हुन्छ ।यो विषय न्यायालयमा समेत विचाराधीन हुँदा यस्ता मुद्दालाई अग्राधिकार दिई जनताको पक्षमा न्याय दिलाउनु उचित हुन्छ ।

**जनहितमा जारी जरुरी सूचना**

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

**पूर्वाधार विकास कार्यालय, बारा**

**डेंगी नियन्त्रणका तीन उपाय**




**ईशनाथ नगरपालिका**
औरैया, रौतहट

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**महागढीमाई नगरपालिका**
बरियारपुर ,बारा

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**फेटा गाउँपालिका**
फेटा बारा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# जन्मदिनमा ट्रम्पको ‘फाइट नाइट’

***वासिङ्टन-*** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो ८०औँ जन्मदिनलाई असामान्य शैलीमा मनाउँदै ह्वाइट हाउस परिसरमै भव्य युएफसी प्रतियोगिता आयोजना गरेका छन् ।



अमेरिकी स्वतन्त्रताको २५०औँ वार्षिकोत्सवसँग जोडिएको यो कार्यक्रमले खेल, राजनीति र राष्ट्रिय उत्सवलाई एकै मञ्चमा ल्याएको छ भने यसको स्वरूपलाई लिएर विवाद पनि चर्किएको छ ।

‘युएफसी फ्रिडम २५०’ नाम दिइएको यस विशेष कार्यक्रममा १४ जना अल्टिमेट फाइटिङ च्याम्पियनसिप ( युएफसी) का चर्चित खेलाडीहरू ‘द क्लो’ नामक विशाल अखाडामा प्रतिस्पर्धा गर्दैछन् । करिब छ करोड डलर लागतको यो कार्यक्रम अमेरिकी स्वतन्त्रताको २५० वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको भए पनि राष्ट्रपति ट्रम्पको ८०औँ जन्मदिनसँग संयोगवश जुधेको छ ।

कार्यक्रमलाई लिएर आलोचना पनि भइरहेको छ। आलोचकहरूले इरानसँग तनाव र युद्धको अवस्था जारी रहेका बेला ह्वाइट हाउसको ऐतिहासिक परिसरमा हिंसात्मक खेल आयोजना गर्नु अनुपयुक्त भएको टिप्पणी गरेका छन् । उनीहरूका अनुसार युद्धका कारण विश्व बजारमा मूल्यवृद्धि भइरहेका बेला यस्तो प्रदर्शनले गलत सन्देश दिन सक्छ ।

यद्यपि राष्ट्रपति ट्रम्पले कार्यक्रमको खुलेर समर्थन गरेका छन् । मे महिनामा ओभल अफिसमा युएफसी खेलाडीहरूसँग भेटघाटका क्रममा उनले यसलाई दर्शकका लागि अविस्मरणीय अनुभव हुने बताएका थिए ।

ह्वाइट हाउसका अनुसार कार्यक्रमको सम्पूर्ण खर्च युएफसीले नै व्यहोरेको छ । युएफसीका प्रमुख सामग्री अधिकारी क्रेग बोर्सारीले खेल र राजनीतिलाई जोडिएको आरोप अस्वीकार गर्दै यो अमेरिकी खेलाडी र राष्ट्रको उत्सव भएको बताए ।

कार्यक्रमलाई अझ विशेष बनाउन केही खेलाडीहरू ऐतिहासिक ओभल अफिसबाट बाहिर निस्केर साउथ लनस्थित अखाडासम्म पुग्ने व्यवस्था गरिएको छ । आठ कोण भएको तारजालीयुक्त पिँजडा अर्थात् अष्टभुजभित्र हुने प्रतिस्पर्धा हेर्न चार हजारभन्दा बढी दर्शकका लागि सिटको व्यवस्था गरिएको छ ।

प्रतिस्पर्धामा सहभागी युएफसी लडाकू माइकल च्यान्डलरले यसलाई लडाइँ खेलकुद इतिहासकै सबैभन्दा ठूलो प्रतियोगिता बताए । फ्रान्सेली लडाकू सिरिल गेनले पनि आफू राजनीतिभन्दा खेलमा केन्द्रित रहेको उल्लेख गर्दै विश्वसामु खेल प्रस्तुत गर्ने अवसर महत्त्वपूर्ण भएको धारणा राखे ।

अमेरिकी सञ्चारमाध्यम एक्सियोसका अनुसार समारोहमा ऐतिहासिक झलक प्रस्तुत गर्ने विशेष कार्यक्रम, सैन्य ब्यान्ड, सैन्य विमानको उडान प्रदर्शन, प्यारासुट प्रदर्शन तथा अन्त्यमा १० मिनेट लामो आतशबाजी हुनेछ ।

यस कार्यक्रमलाई रोक्न स्थानीय बासिन्दाले अदालतमा दायर गरेको निवेदन शुक्रबार अस्वीकृत भइसकेको छ। त्यससँगै कार्यक्रम आयोजना गर्ने कानूनी अवरोध पनि हटेको छ ।

ट्रम्पको जन्मदिनसँग जोडिएको यो कार्यक्रमले वासिङ्टनको ठूलो क्षेत्र प्रभावित बनाएको छ । लिङ्कन मेमोरियल नजिक खेलाडीहरूको तौल मापन गरिएको छ भने नेशनल मल क्षेत्रमा विशाल पर्दामार्फत करिब एक लाख २५ हजार दर्शकले प्रत्यक्ष अवलोकन गर्न सक्ने व्यवस्था गरिएको छ ।

यसबीच राष्ट्रपति ट्रम्पको उमेर र स्वास्थ्यबारे पनि बहस जारी छ। उनले प्रायः आफ्नो सक्रियतालाई पूर्वराष्ट्रपति जो बाइडेनसँग तुलना गर्ने गरेका छन् । यद्यपि ट्रम्प स्वयं पनि हातको चोट, खुट्टाको शिरासम्बन्धी समस्या तथा सार्वजनिक कार्यक्रममा थकान देखिएको विषयमा चर्चामा रहेका छन् । तर उनका चिकित्सकले राष्ट्रपति उत्कृष्ट स्वास्थ्य अवस्थामा रहेको बताएका छन् ।

हालै सार्वजनिक एक भिडियोमा ट्रम्पले ८० वर्ष पुगेकोमा आफू पूर्ण रूपमा खुसी नभएको स्वीकार गर्दै ‘यो मलाई मनपर्ने सङ्ख्या होइन, तर म यहाँ छु’ भनेका थिए ।

विश्लेषकहरूका अनुसार रियालिटी टेलिभिजनको पृष्ठभूमिबाट राजनीतिमा प्रवेश गरेका ट्रम्पले सार्वजनिक प्रदर्शन र भव्य कार्यक्रमलाई आफ्नो राजनीतिक शैलीको महत्त्वपूर्ण हिस्सा बनाउँदै आएका छन् । जर्ज वासिङ्टन विश्वविद्यालयका सञ्चारविद् पिटर लोगेका अनुसार ट्रम्पले राष्ट्रपतिको भूमिकालाई पनि आफ्नो पूर्व सार्वजनिक जीवनकै शैलीमा प्रस्तुत गरिरहेका छन् । गत वर्ष आफ्नो जन्मदिनका अवसरमा ट्रम्पले अमेरिकी सेनाको २५०औँ वार्षिकोत्सवसँग सम्बन्धित भव्य सैन्य परेडको निरीक्षण गरेका थिए । यस वर्ष भने उनको जन्मदिन खेल, शक्ति प्रदर्शन र राष्ट्रिय उत्सवको मिश्रित स्वरूपका कारण थप चर्चामा आएको छ । रासस


**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाइँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



**देवताल गाउँपालिका**
**पिप्राढीगोढ, बारा**



**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाइँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत






**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
**कवहीगोठ, बारा**






**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**प्रसौनी गाउँपालिका**
**प्रसौनी, बारा**









**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# पर्सामा १०० किलो गाँजासहित बरामद, संलग्न व्यक्तिको खोजी जारी

*हरिकिशोर शर्मा*
*जिराभवानी, ३१ जेठ*

, पर्साको जगरनाथपुर गाउँपालिका-३ स्थित मरैया चोक क्षेत्रमा प्रहरीले १०० किलो लागुऔषध गाँजा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले शनिबार रातीको ११:३० बजे समयमा उक्त क्षेत्रमा खोजतलास गर्ने क्रममा खेतमा पाँच वटा चामलको बोराभित्र लुकाइछिपाइ राखिएको अवस्थामा १०० किलो गाँजा फेला पारी बरामद गरेको हो ।



प्रहरीका अनुसार बरामद गरिएको गाँजा आवश्यक कानुनी प्रक्रिया पूरा गरी नियन्त्रणमा लिइएको छ । घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य तीव्र रूपमा अघि बढाइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ।

प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन सुरक्षा निकायले अनुसन्धानलाई तीव्रता दिएको छ ।

# जितपुर-सिमरा सडकखण्डमा स्कुटर दुर्घटना, दुई किशोरी घाइते

*बारा, ३१ जेठ*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-७ भगिरथ लाइनस्थित बीरगन्ज-पथलैया सडकखण्डमा स्कुटर दुर्घटना हुँदा दुई जना किशोरी घाइते भएका छन् । अनियन्त्रित भएर स्कुटर दुर्घटना हुँदा चालकसहित पछाडि सवार किशोरी घाइते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार जितपुरबाट सिमरातर्फ जाँदै गरेको मधेस प्रदेश ०३-०३९ प २६८६ नम्बरको स्कुटर अचानक अनियन्त्रित भई दुर्घटनामा परेको थियो । दुर्घटनापछि स्थानीयवासी तथा प्रहरीको सहयोगमा घाइतेहरूलाई तत्काल उपचारका लागि अस्पताल पुर्‍याइएको थियो ।




दुर्घटनामा स्कुटर चालक जितपुरसिमरा उपमहानगरपालिका-१७ रामनगर निवासी बासुदेव मोक्तानकी १६ वर्षीया छोरी सुप्रिया मोक्तान गम्भीर घाइते भएकी छन् । प्रहरीका अनुसार उनको टाउकोसहित शरीरका विभिन्न भागमा चोट लागेको छ । चिकित्सकहरूले उनको स्वास्थ्य अवस्थामाथि निगरानी राखेर उपचार गरिरहेका छन् ।

त्यस्तै, स्कुटरको पछाडि सवार सोही स्थानकी १६ वर्षीया सुप्रिया रुम्बा पनि घाइते भएकी छन् । उनको अनुहार, बायाँ हात तथा दुवै खुट्टामा चोट लागेको छ । प्रहरीका अनुसार उनको अवस्था मध्यम रहेको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) मीनबहादुर घलेले दुवै घाइतेको परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा उपचार भइरहेको जानकारी दिए । समयमै उपचारका लागि अस्पताल पुर्‍याइएकाले थप जटिलता हुन नदिने प्रयास भइरहेको अस्पताल स्रोतले जनाएको छ ।

दुर्घटनाग्रस्त स्कुटरलाई इलाका प्रहरी कार्यालय जितपुरले नियन्त्रणमा लिएको छ । घटनालगत्तै प्रहरी सहायक निरीक्षक तेजनारायण बैठाको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान तथा मुचुल्का प्रक्रिया सम्पन्न गरेको थियो ।

प्रहरीले प्रारम्भिक अनुसन्धानका आधारमा स्कुटर अनियन्त्रित भई दुर्घटना भएको जनाएको छ । यद्यपि दुर्घटनाको वास्तविक कारण खुल्न बाँकी रहेकाले सडक अवस्था, सवारीको गति तथा अन्य सम्भावित पक्षबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

बीरगन्ज-पथलैया सडकखण्डमा सवारी चाप बढ्दै जाँदा पछिल्लो समय साना तथा ठूला दुर्घटनाका घटनासमेत बढ्न थालेका छन् । ट्राफिक प्रहरीले सवारी चालकलाई गति नियन्त्रणमा राख्न, सुरक्षाका मापदण्ड पालना गर्न तथा विशेष गरी किशोर-किशोरीलाई सावधानीपूर्वक सवारी सञ्चालन गर्न आग्रह गरेको छ ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर


**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

# समाचार लेखेकै निहुँमा सार्वजनिक कार्यक्रममै पत्रकारमाथि हातपात गर्ने प्रयास

*कोल्हबी, ३१ जेठ*

समाचार प्रकाशन भएको विषयलाई लिएर कोल्हबी नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष किसुन दयाल चौधरीले सार्वजनिक कार्यक्रममै पत्रकारमाथि हातपात गर्ने प्रयास गरेको छ ।

बाराबाट सञ्चालित बाराको गतिविधि अनलाइनका सञ्चालक तथा सञ्चारकर्मी सुरेश विक्रम थापामाथि वडा अध्यक्ष चौधरीले आक्रोश व्यक्त गर्दै ज्यान मार्ने धम्की दिएको तथा हातपात गर्न खोजेको सार्वजनिक भएको हो । प्राप्त जानकारीअनुसार वडा अध्यक्ष चौधरीले आफूविरुद्ध समाचार प्रकाशित भएको भन्दै कार्यक्रमस्थलमै आक्रोश पोखेका थिए । प्रत्यक्षदर्शीहरूका अनुसार उनले सञ्चारकर्मी थापालाई अपशब्द प्रयोग गर्दै धम्की दिएका थिए भने रिसको आवेगमा मुक्का प्रहार गर्नसमेत खोजेका थिए । घटनाका क्रममा लिफ्टमा मुक्का हानेको समेत बताइएको छ ।




उक्त घटना कोल्हबी नगरपालिकाले आयोजना गरेको सहकारी तथा कोपोमिस सम्बन्धी ७ दिने निःशुल्क तालिमको समापन समारोहका क्रममा भएको बताइएको छ । कार्यक्रममा नगर प्रमुख राम प्रसाद चौधरी, उपप्रमुख लक्ष्मी कुमारी चौधरी, विभिन्न वडाका जनप्रतिनिधि लगायत नेपाल पत्रकार महासंघ बाराको कार्यसमिति नवीन चौधरीको पनि उपस्थिति रहेको थियो ।

सार्वजनिक कार्यक्रममै निर्वाचित जनप्रतिनिधिबाट पत्रकारमाथि धम्की र हातपातको प्रयास भएको आरोप लागेपछि स्थानीय पत्रकारहरू तथा नागरिक समाजका प्रतिनिधिहरूले घटनाप्रति गम्भीर चासो व्यक्त गरेका छन् । समाचारप्रति चित्त नबुझे कानुनी उपचारका लागि प्रेस काउन्सिल नेपाल लगायतका निकाय उपलब्ध हुँदाहुँदै धम्की र बल प्रयोगको बाटो रोजिनु लोकतान्त्रिक संस्कारविपरीत भएको उनीहरूको भनाइ छ ।

पत्रकारिता पेशामाथि हुने यस्ता गतिविधिले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा नागरिकको सूचनाको अधिकारमाथि प्रत्यक्ष असर पर्ने भन्दै घटनाको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरिएको छ । पत्रकारहरूले समाचार लेखेकै आधारमा त्रास सिर्जना गर्ने, धम्की दिने तथा हातपातको प्रयास गर्ने कार्य कुनै पनि लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन नसक्ने बताएका छन् । घटनामा संलग्नमाथि आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न सरोकारवालाहरूले माग गरेका छन् ।

# बारामा ६ हजार ५०० लिटर कच्चा पदार्थ नष्ट, घरेलु मदिरा उत्पादनविरुद्ध प्रहरीको अभियान तीव्र

*कलैया, ३१ जेठ*

बारा प्रहरीले घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण नियन्त्रण अभियानअन्तर्गत ठूलो परिमाणमा मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय बारा र प्रहरी चौकी गञ्जभवानीपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले महागढीमाई नगरपालिका-३ स्थित विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध भट्टीहरूमा छापा मार्दै ६ हजार ५०० लिटर कच्चा पदार्थ नष्ट गरेको हो ।



जिल्ला प्रहरी कार्यालय बाराले जारी गरेको प्रेस विज्ञप्तिअनुसार जेठ ३१ गते साँझ करिब ६ बजे गरिएको विशेष कारबाहीका क्रममा महागढीमाई नगरपालिका-३ खास टोल तथा वडा नम्बर १० गञ्जभवानीपुर क्षेत्रमा रहेका नौ वटा अवैध घरेलु मदिरा उत्पादन केन्द्र फेला परेका थिए ।

प्रहरीले ती भट्टीहरूबाट मदिरा उत्पादनका लागि तयारी अवस्थामा राखिएको करिब ६ हजार ५०० लिटर कच्चा पदार्थ बरामद गरेको जनाएको छ । उक्त पदार्थको अनुमानित मूल्य करिब ३ लाख ९० हजार रुपैयाँ रहेको बताइएको छ ।

स्थानीय जनप्रतिनिधि तथा भलाद्मीहरूको रोहवरमा बरामद गरिएको सम्पूर्ण कच्चा पदार्थ नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । कारबाहीका क्रममा मदिरा उत्पादनमा प्रयोग हुने विभिन्न भाँडाकुँडा तथा सामग्रीसमेत नियन्त्रणमा लिइएको प्रहरी स्रोतले जनाएको छ ।

प्रहरीका अनुसार घरेलु मदिराको अवैध उत्पादन तथा बिक्रीवितरणले सामाजिक, आर्थिक र स्वास्थ्य क्षेत्रमा नकारात्मक असर पार्दै आएकाले यस्ता गतिविधिविरुद्ध नियमित निगरानी र कारबाहीलाई तीव्र पारिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले अवैध घरेलु मदिरा उत्पादन तथा कारोबार नियन्त्रणका लागि जिल्लाभर विशेष अभियान सञ्चालन भइरहेको जानकारी दिँदै यस्ता गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूमाथि कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिए ।

स्थानीयवासीले पनि घरेलु मदिरा उत्पादनका कारण समाजमा विभिन्न किसिमका विकृति तथा अपराध बढ्ने गरेको भन्दै प्रहरीको पछिल्लो कारबाहीलाई सकारात्मक रूपमा लिएका छन् । प्रहरीले सर्वसाधारणलाई अवैध मदिरा उत्पादन, बिक्रीवितरण वा अन्य आपराधिक गतिविधिबारे जानकारी भए तत्काल प्रहरीलाई सूचना दिन आग्रह गरेको छ ।


जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा